# एशियन पेन्ट्स नेपाल प्रा. लि., हेटौडा औद्योगिक क्षेत्र, हेटौडा, मकवानपुर
## टेण्डर माध्यमबाट स्क्रयाप बिक्री सम्बन्धी सूचना

हेटौडा औद्योगिक क्षेत्रमा अवस्थित बहुराष्ट्रिय कम्पनि एशियन पेन्ट्स नेपाल प्रा.लि.को main unit (plant-1) तथा branch unit (plant-2) बाट उद्योग संचालनका क्रममा निस्कने बिभिन्न स्क्रयापका समानहरु (जस्तै प्लाष्टिक र फलामका ड्रम, जर्किन, प्लाष्टिक, बोरा, टोट, कागजका कार्टुनहरु, प्यालेट काठहरु आदि) को लागि बोलपत्र मार्फत बिक्री गरिने भएकोले इच्छुक फर्म वा कम्पनीले तल उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । यो बोलपत्र अन्तर्गत तोकिएको स्क्रयाप सामाग्री उठाउने सम्झौता ६ महिना सम्मको अवधिलाई आव्हान गरिएको जानकारी गराईन्छ । साथै दुबै पक्ष बिच छलफल गरि पुनः छ महिनासम्मका लागि थप गर्न सकिनेछ ।

१. बोलपत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनिले यस एशियन पेन्ट्स नेपाल प्रा. लि. को वेभसाईट ठेगाना https://www.asianpaintsnepal.com/footer-links/tender-notice.html बाट फाराम डाउनलोड गर्नसक्नेछ ।

२. टेण्डरमा भाग लिन इच्छुक फर्म वा कम्पनिले दिएको बोलपत्र फारममा बुझिने गरि भरेर आवश्यक कागजात सहित **२०८२ फाल्गुन २९** गते भित्र स्क्यान कपि (प्रतिलिपि) Email ID: tender@asianpaints.com.np मा पठाउनुपर्नेछ । यसरी पठाईने **स्क्यान कपि ३ MB भन्दा कम size** हुने गरी पठाउनुपर्नेछ र यदि साईज ठूलो भएमा २ पटक गरेर पठाउन सकिनेछ ।

३. उक्त फारामको साथमा i) अद्यावधिक नविकरण सहितको फर्म वा कम्पनिको दर्ता प्रमाणपत्रको प्रतिलिपि, ii) VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि iii) वाणिज्य विभाग वा अन्य विभागबाट स्क्रयाप वा कवाडी खरिद बिक्रीको लागि दिइएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ । साथै १००,००० (अक्षेरुपी एक लाख मात्र) धरौटी स्वरुप नेपाल एस. बि. आई. बैक लि. हेटौडामा रहेको एशियन पेन्ट्स नेपाल प्रा. लि. को खाता नं १७७२५२४००००३१८ मा जम्मा गरेको सक्कल भौचर समेत पेश गर्नुपर्नेछ । व्यक्तिगत सम्पर्क मार्फत पठाइएका बोलपत्रहरु मान्य हुने छैन ।

४. स्वीकृत भएको बोलपत्रवालाले केहि कुनै व्यहोराले कबोल गरेको दरमा ठेक्का करार गर्न नचाहेमा जम्मा भएको नगद धरौटी फिर्ता हुनेछैन ।

५. प्राप्त बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनिमा निहित रहनेछ। बोलपत्रहरु स्विकृत नभएमा बोलपत्र साथ पेश गरेको नगद धरौटी रकम ३० दिन भित्र फिर्ता दिईनेछ।

६. म्याद नाघी प्राप्त हुन आएका वा निर्धारित प्रकृया पुरा नगरेका बोलपत्रहरु मान्य हुनेछैन।

७. बोलपत्रहरु कम्पनिका प्रतिनिधिहरु माझ खोलिनेछ र इमेल मार्फत सम्बन्धित फर्म वा कम्पनिलाई सो को जानकारी दिईनेछ।

८. स्क्रयाप गरिने सामानको बिबरण तल अनुसुचि १ मा दिईएकोछ।

९. बोलपत्र स्विकृत भएमा धरौटी बापत थप रु. १,००,००० (अक्षरुपी एक लाख) एशियन पेन्ट्स नेपाल प्रा.ली. को नाममा रहेको नेपाल एस. बि. आई. बैक लि. को खाता नं १७७२५२४००००३१८ मा जम्मा गरेको बैंक भौचर पेस गर्नुपर्नेछ। उक्त सेक्युरिटी डिपोजिट रकम रु. २००,००० (दुई लाख) सम्झौता अवधिभर जम्मा हुनेछ र क्रयाप सामान लैजान धरौटी बापतको प्रयोग गर्न पाइनेछैन । स्क्रयाप सामान कम्पनिबाट उठाउको लागि रकम जम्मा गरेको भौचर बुझाए पश्चात मात्र बिलिङ्ग प्रकृया अगाडि बढाईनेछ।

१०. स्क्रयाप काम गर्ने कामदारहरुको जिवन बिमा अनिवार्य गरिएको छ र बिमाको सक्कल पत्रको प्रतिलिपि यस उद्योगमा सम्झौताको समयमा बुझाउनुपर्नेछ।

११. स्कयाप सम्झौता समाप्त भएको मितिबाट जम्मा भएको धरौटी रकम ३० दिन पश्चात मात्र फुकुवा गरिनेछ। यदि उक्त कार्यवधि भित्र कुनै जरिवाना लागेको भएमा जरिवाना बापतको रकम धरौटीबाट कट्टा गरि बाकी रकम मात्र दिईनेछ।

१२. स्क्रयाप व्यवस्थापनाको लागि बोलपत्रवालाहरुले दैनिक कम्तिमा १ जना वा सो भन्दा बढी कामदार स्क्रयाप व्यवस्थापनका लागि दुबै प्लान्टमा अनिवार्य रुपमा पठाउनुपर्नेछ। यदि माथि उल्लेखित शर्त बमोजिम कार्य नभएमा प्रति दिन रु १००० (प्लान्ट १ को लागि रु. ५००/-र प्लान्ट २ को लागि रु. ५००/-) का दरले हर्जाना तिर्नुपर्नेछ र सो हर्जना बापतको उक्त रकम धरौटीबाट कट्टा गरिदै लगिनेछ।

१३. काम नलाग्ने स्कयापहरु हेटौडा उपमहानगरपाकिले तोकेको फोहर व्यवस्थापन क्षेत्र बाहेक अन्य स्थानमा फालिए वा फालिएको अवस्थामा पाईएमा वा स्थानिय निकायले जरिवाना लिएमा सो को भर्पाइ सम्बन्धि बोलपत्रवालाको धरौटी मार्फत असुल उपर गरिनेछ र तोकिएको स्थानमा फालिएको निरिक्षण गर्ने गराउने जिम्मेवारी बोलपत्रवालाको नै हुनेछ।

१४. सेफ्टी सम्बधि आवश्यकताहरु कम्पनिको नियमाअनुसार पालना गर्नुपर्नेछ र व्यक्तिगत सुरक्षाका साधनहरु (PPE's) सेफ्टी जुत्ता वा सेफ्टी गमबुट, धुलो प्रतिरोधक मास्क, पञ्जा, पुरा बाहुला भएको कपडाहरु स्क्रयाप फर्म वा कम्पनि स्वयम्ले उपलब्ध गराउनुपर्नेछ। माथि उल्लेखित व्यक्तिगत सुरक्षाका साधनहरु फर्म वा कम्पनिले दिएको नपाईएमा कम्पनिले उक्त कामदारलाई काम गर्नबाट रोक्न सक्नेछ वा कम्पनिले PPE उपल्ब्ध गराउनु परेमा सो साधनको दोब्बर रकम जरिवाना बापत लिईनेछ र सो रकम धरौटीबाट कट्टा गरिनेछ।

१२. प्रचलित श्रम कानुन अनुसारको श्रमिक व्यवस्थापन तथा प्रावधानहरु बोलपत्रवालाले पुरा गरेको हुनुपर्नेछ। यदि सो प्रावधानहरु पुरा नगरि कुनै क्षति हानी नोक्शानी भएमा बोलपत्रवालाले नै व्यहोर्नु पर्नेछ।

१३. बिक्री नहुने स्क्रापहरु समेत उक्त फर्म वा कम्पनिले उठाई हेटौडा उपमहानगरपालिकाले तोकेको स्थानमा मात्र व्यवस्थापन गर्नुपर्नेछ। बिक्री नहुने स्क्रापहरु जस्तै फोहोर मैला, धुलो, पाउडरको बोरा, ETP र उत्पादन शाखाबाट निस्कने स्लजहरु तथा अन्य बिक्री नहुने स्क्रयापहरु समेत उक्त फर्म वा कम्पनिले सरसफाई र वातावरण प्रभाब नहुने गरि लैजानु पर्नेछ। उक्त काम नलाग्ने (बिक्री नहुने फोहरमैला, स्लज आदि) कवाडी सामानको गाडी भाडा कम्पनीले चलन चल्तीको मुल्यमा भुक्तानी गर्नेछ। यदि नगरपालिकाले फोहरमैला फाले बापत कर शुल्क लिएमा सो को भुक्तानी कम्पनीले व्यहोर्नेछ र त्यसको सक्कल नगद रसिद कम्पनिमा पेश गरि भुक्तानी लिन सकिनेछ।

१४. स्क्रयाप उठाउने सम्बन्धि बोलपत्र स्विकृत भै काम गर्ने करार गरी शर्त बन्देज बमोजिम काम नगरी शर्त बन्देजको पालना नगरेमा सम्झौताको अवधि भित्र पनि कम्पनिले ठेक्का/करार भंग गरी अर्को पक्षसँग करार गर्न सक्नेछ। स्क्रयाप उठाउँदा कारखानाले स्विकृति नदिएको कुनै सामान स्क्रयापको साथमा लैजाने कोशिस गरेमा वा भेटिएमा वा कम्पनीमा हानी नोक्शानी पुऱ्याएमा, सो को जरिवाना क्षतिपूर्ति धरौटीबाट असुल गरी बिचमा नै करार अवधि भंग गरी नयाँ स्क्राप फर्म वा कम्पनिलाई नियुक्त गर्न सकिनेछ। शर्त बन्देज बमोजिम काम गर्न नसकेको तथा यस्तो कुनै कारणबाट करार भंग भएमा जम्मा भएको धरौटी रकम फिर्ता हुनेछैन।

१५. स्क्रयाप सम्बन्धि काम गरेको अनुभबी र विश्वसनीय फर्म वा कम्पनिलाई प्राथमिकता दिईनेछ।

१६. बोलपत्रमा कबोल गरिएको मुल्य तथा दर भाउ पत्रका निवेदकको अनुभव तथा कार्यक्षमताको आधारमा स्वतन्त्र रुपमा छनौट गरिने भएकोले बोलपत्र स्विकृत गराउन कुनै व्यक्तिगत सम्पर्क, फोन आदि नगरि व्यवसायिक स्वतन्त्रता एवम् मर्यादापूर्वक सहयोग पुऱ्याउनुहुन अनुरोध गर्दछौं।

१७. यदि फर्म र यस कम्पनि बिच कुनै विवाद भएमा कानुनी प्रक्रियाअनुसार समाधानको बाटो खोजिनेछ।

१८. माथि उल्लेख गरिएको सम्पूर्ण शर्त बन्देजहरु पालना गर्छु भनि बोलपत्रमा उल्लेख गर्नुपर्नेछ।

**उल्लेखित शर्तहरु मञ्जुर छ भनी सही छाप गर्ने :**

| | |
|---|---|
| **फर्मको नामः** | **फर्मको ठेगानाः** |
| **फर्मको ठेगानाः** | **ईमेलः** |
| **सम्पर्क फोन नः** | **भ्याट नंः** |
| **कम्पनीको छापः** | **अधिकार प्राप्त अधिकारीको हस्ताक्षरः** |

# एशियन पेन्ट्स नेपाल प्रा. लि., हे.औ.क्षे., हेटौडा
## स्क्रयाप टेण्डर दर रेट फाराम
## अनुसुची–१

| सि.नं | स्क्रयाप विवरण | एकाई | मुल्य (ने.रु.मा) | टिप्पणीहरु |
|---|---|---|---|---|
| १ | टिन ड्रम (२०० लि.) | पिस | | |
| २ | प्लाष्टिक ड्रम सानो मुख (२०० लि.) | पिस | | |
| ३ | प्लाष्टिक ड्रम ठूलो मुख (२०० लि.) | पिस | | |
| ४ | प्लाष्टिक टोट (ट्याङ्की) (१००० लि.) | पिस | | |
| ५ | जरकिन /CCL (२० देखि ६० लि.) | पिस | | |
| ६ | प्लाष्टिक ड्रम Carboy (१०० लि) | पिस | | |
| ७ | काठ (राम्रो प्यालेट, अन्य राम्रो काठ) | के.जी | | |
| ८ | फलामको स्क्रयाप | के.जी | | |
| ९ | पुरानो व्याट्री | के.जी | | |
| १० | केबल तारहरु | के.जी | | |
| ११ | फुटेको प्लाष्टिक ड्रमहरु | प्रति पिस | | |

| सि.नं | स्क्रयाप विवरण | एकाई | मुल्य (ने.रु.मा) भ्याट बाहेक | टिप्पणीहरु |
|---|---|---|---|---|
| १२ | फुटेको टिन ड्रमहरु (१०० देखि २०० लि) | प्रति पिस | | |
| १३ | टुटे फुटेको प्लाष्टिक पानी टयाङ्कीहरु | प्रति के. जी | | |
| १४ | फुटेको वा लेदो जमेको टोट | प्रति पिस | | |
| १५ | फुटेको र्जकिन वा CCL ड्रम (२० देखि ६० लि.) | प्रति पिस | | |
| १६ | फुटेको वा लेदो जमेको ड्रम (१०० लि.) | प्रति पिस | | |
| १७ | भाँचिएका प्यालेट वा काठहरु | प्रति के. जी | | |
| १८ | कार्टुन र पेपर स्क्रयाप | प्रति के. जी. | | |
| १९ | टिनका जस्ता | प्रति के. जी. | | |
| २० | Stainless Steel (SS) scraps | प्रति के. जी. | | |
| २१ | Damage chrome plated (CP) Fittings | प्रति के. जी. | | |
| २२ | उत्पादन वा ETP बाट स्लज सरसफाई | प्रति के. जी. | | |
| २३ | Non-contaminated Plastic pails | प्रति के. जी. | | |
| २४ | Non-contaminated Tin Containers | प्रति के. जी. | | |
| २५ | मासिक बुझाउनुपर्ने अन्य बिबिध फोहरहरु (जस्तै पुन प्रशोधन हुने कच्चापदार्थका बोरा वा प्लाष्टिकहरु, काम नलाग्ने तेलजन्य पदार्थ, टुटे फुटेका टिन वा प्लाष्टिकका रङ्ग लागेका डब्बाहरु, काम लाग्ने तर टुटे फुटेका सेरामिक, काट छाटँ गरेका रुखका सामानहरु) | प्रति महिना | | |
| २६ | नगरपालिकाको तोकिएको स्थानमा फोहर व्यवस्थापन गर्न प्रयोग हुने गाडिको गाडि भाडा<br>क) ट्रक<br>ख) ठूलो टयाक्टर<br>ग) DI गाडि | प्रति गाडि | | |
| २७ | | | | |
| २६ | | | | |

**नोटहरुः**

१) उत्पादन वा ETP स्लज सरसफाई (सि.नं २२) भन्नाले उत्पादन क्षेत्रको नाला र फोहर प्रशोधन गर्ने स्थानको टयाङ्क, ड्रेनलाईनको स्लज निकाल्ने, ट्र्याक्टर वा अन्य सवारीसाधनबाट लैजाने र खाली ड्रम फिर्ता ल्याउने तथा कार्यक्षेत्र सरसफाई गर्न लाग्ने रकम भन्ने बुझिन्छ जुन प्रति केजी बापत एशियन पेन्ट्सबाट रकम लिने ।

२) कम्पनिले उल्लेख गरेको वा तोकेको स्थानबाट स्क्रयाप सामानहरु उठाई स्क्रयाप यार्डमा मिलाएर व्यवस्थित तरिकाले तोकिएको स्थानमा राख्ने जिम्मेवारी बोलपत्रवालाको नै हुनेछ र सो व्यवस्थापन गर्न लाग्ने कामदार बोलपत्रवालाले नै व्यवस्थापन गर्नु पर्नेछ ।

३) काम नलाग्ने फोहरहरु नगरपालिकाले तोकेको स्थानमा मात्र फाल्नुपर्नेछ । नगरपालिकाको तोकिएको स्थानमा फोहरमैला फाले बापत कर शुल्क लिएमा सो को भुक्तानी कम्पनीले व्यहोर्नेछ । कर शुल्क बापतको सक्कल रसिद कम्पनिमा बुझाउनुपर्नेछ र रसिद नदिएमा कम्पनि रकम तिर्न बाध्य नहुने ।

४) बिर्को भएको र नभएको ड्रम, जर्किनको बिक्री मूल्यमा कुनै फरक हुने छैन ।

५) नगरपालिकामा फोहर व्यवस्थापनका लागि प्रयोग हुने गाडिको भाडा दर यसै टेण्डरमार्फत गाडि अनुसारको (जस्तै ट्रक, ट्र्याक्टर, DI, आदि) भाडा निबेदनमा उल्लेख गर्ने ।

अतः टेण्डर सूचना र माथि उल्लेख गरेको दर रेटमा उल्लेखित स्क्रयाप सामानहरु कम्पनीबाट तोकिएको शर्त व्यवस्था एंव निर्देशन बमोजिम कारखाना व्यवस्थापनले तोकेको तालिका वा आवश्यकता अनुसार उठाई लैजान तथा देहाय बमोजिमका शर्तहरुको पूर्ण पालना गर्न मन्जुर भई आफूले यो टेण्डर पेश गरेकोछु । यदि तोकिएको नियम पालना नभएमा वा नगरिएमा मेरो फर्म वा कम्पनि पूर्ण जिम्मेवार हुनेछ र कम्पनिले गरेको कारवाही मान्य हुनेछ ।

| | | | |
|---|---|---|---|
| **फर्मको नामः** | | **फर्म भएको व्यक्तिको नाम** | |
| **फर्मको ठेगानाः** | | **मोबाईल नंः** | |
| **सम्पर्क फोन नंः** | | **भ्याट नंः** | |
| **ईमेलः** | | **कम्पनीको छापः** | |
| **हस्ताक्षरः** | | | |